Table of Contents

Table of Contents 1
६५ वर्षदेखिको विरासत सम्हाल्दै 2
६५ वर्षदेखिको विरासत सम्हाल्दै 3
डा. महेशराज पन्त 4
‘प्राचीन नेपाल’ र ‘अभिलेख’का यी अङ्कमा छापिएका यी शिलालेखको पाठ पढ्ने, उल्था र व्याख्या गर्ने काम पुरातŒवविभागका प्रमुख पुरातŒव–अधिकृत मात्र नभई कहलिएका लिपिविशेषज्ञले गरेका हुन् । 8
ब्रेकअप ब्रेन 12
रहस्यमय ताल 12
प्रमुख 12
धेरै पढिएका 13
भर्खरै 14
सामाजिक सञ्जाल 14
ई-पेपर 14
Tags 15
रोचक 16
धेरै पढिएका 17
कला 18

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
RAJDHANI NATIONAL DAILY

६५ वर्षदेखिको विरासत सम्हाल्दै

Prem Rajdhani 2 years ago 0

webtopdfconverter.com



23/09/2017

६५ वर्षदेखिको विरासत सम्हाल्दै

webtopdfconverter.com

अढाइ महीना भयो एउटा लेखले मेरो दृष्टि तानेको (गोविन्द न्यौपाने, ‘इतिहासप्रति नयाँ पुस्ताको उदासीनता’, ‘अन्नपूर्ण पोस्ट्’, २०७४।३।२४।७, ७ पृ.) । विश्वविद्यालयमा भइरहेको इतिहासको पढाइको अधोगतिको विषयको त्यस लेखमा नेपालको इतिहासका अग्रगण्य अन्वेषकहरूको पनि नाउँ दिँदा संशोधन–मण्डलको पनि चर्चा आएको छ । संशोधन–मण्डलकाहरूले इतिहासको खोजी प्रकाश गर्न थालेको असोज ५ गते ६५ वर्ष पुग्ने भएकोले त्यस लेखमा उठाइएका प्रश्नको विषयमा त्यसै वेला लेख्ने अभिप्रायले म बसिरहेको थिएँ ।
सबभन्दा पहिले त्यस लेखबाट संबद्ध अंशको उद्धरण गरूँ— ‘इतिहासशिरोमणि बाबुराम आचार्य, नयनराज पन्त, दिनेशराज पन्त, महेशराज पन्त, धनबज्र बज्राचार्य र ज्ञानमणि नेपालहरुले सुरु गरेको नेपाली इतिहासको अध्ययनको शृंखलालाई उहाँहरूपछिको दोस्रो पुस्ताले निरन्तरता दिन सकेको छैन । कर्कपेट्रिक, हेमिल्टन, शिल्भालेभी, डेनियल राइट्स, ओल्डफिल्ड, स्टिलरजस्ता विदेशी इतिहासकारले नै नेपालमा इतिहास लेखनको सुरुआत गरिदिएका थिए । उनीहरूले लेखेको नेपालको इतिहास गलत र भ्रमपूर्ण भए पनि नेपालमा इतिहास लेखनमा उनीहरूको योगदानलाई नकार्न भने कदापि मिल्दैन । तथ्य र सत्य इतिहास लेखनका लागि माथि उल्लिखित व्यक्तिहरूबाट २००९ सालमा संशोधन मण्डलको स्थापना भएको थियो । यस संस्थाको नेपालको इतिहास लेखनमा महŒवपूर्ण योगदान छ । पछि २०२२ सालदेखि प्रकाशित हुन थालेको पूर्णिमा पत्रिकाले अहिलेसम्म निरन्तरता प्राप्त गरिरहेको छ । तर, उहाँहरूको शारीरिक अशक्ततापछि उक्त ऐतिहासिक पत्रिका पूर्णिमालाई निरन्तरता दिनसक्ने कुनै दोस्रो पुस्ता अहिलेसम्म देखिएको छैन ।’

माथि उद्धृत अंशमा अपूर्णता, क्रमभङ्ग, गल्ती र लेखाइको अपरिपक्वता भए पनि यसमा एउटा गम्भीर प्रश्न उठाइएकोले यही प्रश्नवरपर मेरो यो लेख घुमेको छ । यहाँ नाउँ काढिएका ६ जना नेपाली ऐतिहासिकमध्ये बाबुराम आचार्य (वि.सं. १९४४–२०२९) संशोधन–मण्डलको टोलीका थिएनन् । हो, उनीसँग मिली नयराज पन्त (वि.सं. १९७०–२०५९)ले काम गरेका भने थिए । अरू ५ जनामध्ये २ जना नयराज पन्त र धनवज्र वज्राचार्य (वि.सं. १९८८–२०५१) बितिसकेकाले तथा बाँकी ३ जना ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म)को उमेर ८५ वर्ष पूरा गर्न ४ महीना जति बाँकी रहेको, महेशराज पन्त (वि.सं. २००१ मा जन्म)ले १ महीनाअगाडि ७३ वर्ष पूरा गरेको र दिनेशराज पन्त (वि.सं. २००६ मा जन्म)ले ६८ वर्ष पूरा गर्न १ महीना बाँकी रहेकोले नेपालको इतिहासको खोजी गर्ने काममा नैरन्तर्य दिन सक्ने

webtopdfconverter.com

पुस्ता अहिलेसम्म तयार नहुँदा, संशोधन–मण्डलको पाठशाला बन्द भएको ४५ वर्ष नाघिसकेको हुँदा र हामीले गरिरहेको काम त्यही दाँजोमा गर्न सक्ने पुरुषसंपद् अर्थात् जनशक्ति जन्मिने संभावना नहुँदा माथि उद्धृत अंशमा लेखिएको कुरा सोह्रै आना साँचो हो । त्यो तहको नभए पनि विश्वविद्यालयमा प्राचीन इतिहास पढेर आएकाहरूलाई थरीथरीका लिपि, प्राचीन भाषाहरू र यस्तो प्रकारको अन्वेषण गर्न आवश्यक अरू सीपमा तालीम दिन सके केही काम होला भन्ने लागेकोले साढे ४ वर्षभन्दा अघिदेखि यतातिर पनि म लागिरहेको छु तापनि साफल्य त्यति हासिल भएको छैन भनी भन्नुपर्छ ।

वि.सं. २०१६ मा त्रिभुवनविश्वविद्यालय खुलेसँगै त्यहाँ नेपालको इतिहासको पढाइ पनि शुरू भयो । त्यहाँ इतिहासविषयमा माथिल्लो तहसम्मको पढाइ सिद्ध्याई सयौँ सय विद्यार्थी निस्किसकेका भए पनि तिनीहरूबाट नेपालको इतिहासको खोजीमा खास काम नभएको अनुभव हुँदै आएको र 'इतिहास र संस्कृतिको सम्बन्धमा सिन्को पनि भाँच्न नसकेको सन्दर्भ एकातिर छ' भनी माथि चर्चित लेखमा पनि लेखिएकोले वस्तुस्थिति छर्लङ्ग भएको छ ।

webtopdfconverter.com

संशोधन–मण्डलको अड्डामा कम्प्युटरमा आधारसामग्री संकलन गरिँदै ।

संशोधन–मण्डलको वैशिष्ट्य भनेको मेरो दृष्टिमा इतिहासका आकरको अर्थात् चलनचल्तीको भाषामा स्रोतको खोजी, तिनको शुद्ध पाठ, उल्था, त्यसको व्याख्या र त्यसबाट पाएको सूचनाको इतिहासको पुस्तकमा अन्तर्भाव हो । अनुभवले के बताएको छ भने, विश्वविद्यालयमा इतिहास पढी आएकाहरूले त्यस्ता आकरप्रति न्याय गर्न सकेका छैनन् । इतिहासका आकरको संपादन इत्यादि विषयमा कहालीलाग्दो अवस्था छ भनी म वि.सं. २०५८ देखि लेख्दै आइरहेको छु ('डक्युमन्ट्स् फ्रम् द रेग्मी रिसर्च् कलेक्शन्ज् १', 'आदर्श' २ सङ्ख्या, ई.सं. २००२, ६२–६९ पृ.) । डेढ महीनाअगाडि मात्र 'नागरिक' दैनिकका विमल आचार्यसँगको वार्तालापमा मैले बोलेको तलको कुराबाट पनि यही स्पष्ट हुन्छ — 'हाम्रा विश्वविद्यालयबाट उच्च अंकसहित डिग्री–विद्यावारिधि लिएको कसैले पनि भेटिएको कुनै अभिलेख, शिलापत्रको अर्थ दिन त के सन्दर्भसमेत बताउन सक्दैन । त्रिविको संस्कृति, इतिहास, पुरातत्व विभागबाट अभिलेख राम्ररी पढ्न सक्ने, उल्था गर्न सक्ने, व्याख्या गर्न सक्ने, न त इपिग्राफिस्ट, न त आइकनोग्राफर एक जना पनि छैन । मूल अभिलेखको कनीकुथी–हावादारी उल्था गरेर आनका तान फरक पारेका उदाहरण प्रशस्त छन्, पुरातत्व विभागकै । शब्दानुवाद गर्न सकिने ठाउँमा पनि भावानुवाद गर्नु विडम्बना हो । यो व्यक्तिको दोष होइन, हाम्रो दूषित पढाइको दोष हो' ('यो भ्रम नै भ्रमको देश हो', २०७४।४।२९।१, ७ पृ.) ।

अहिले मेरो अगाडि पुरातŒवविभागको मुखपत्र 'प्राचीन नेपाल'को १९४ संख्या (वि.सं. २०७३ मा प्रकाशित) र राष्ट्रिय अभिलेखालयको मुखपत्र 'अभिलेख'को ३४ पूर्णाङ्क (वि.सं. २०७४ मा प्रकाशित) छन् । ती दुवै अङ्कमा लिच्छविकालका, अहिलेसम्म अप्रकाशित शिलालेख छपिएकाले तिनैबाट कुरा उठाउनु बढिया होला ।

'प्राचीन नेपाल'को १९४ संख्यामा काभ्रे भकुण्डेबेसीको शिवालयमा रहेको शिवलिङ्गको पादपीठमा कुँदिएको लेख छापिएको छ (श्यामसुन्दर राजवंशी, 'काभ्रे भकुण्डेवेशी स्थित लिच्छविकालका अप्रकाशित अभिलेख', २०७३, ५६–५९ पृ.) । स्पष्ट अक्षर भएको त्यस शिलालेखको पाठ विश्वसनीय रूपले उत्रेको छैन भन्ने दृष्टान्तको लागि मूलको 'पुरुषेभ्यो दत्तम्'लाई 'पुरुषत्यौ दत्तम्' (मूलको ३ पङ्क्ति)तर्फm औँल्याउनु नै पर्याप्त होला । 'पुरुषेभ्यो'को ठाउँमा 'पुरुषत्यौ' पढेपछि अर्थ नमिल्ने भइहाल्यो । 'मानिसहरूलाई दिइयो' भनी मूलमा लेखिएकोमा त्यो अर्थ उल्थामा आएकै छैन । त्यस शिलालेखमा तेस्रो पङ्क्तिको पहिलो अक्षरको माथिल्लो भाग फुटेकोले कोष्ठमा 'ज' पढी '(ज)याधरस्वामिनो' भन्ने पाठ त्यहाँ दिइएको छ । त्यस ताकाको लिपिमा ठाडो धर्कोको दायाँपट्टिका ३ वटा तेर्सा धर्काले 'ज' बुझाउने भएकोले जुन अक्षरलाई कोष्ठमा 'ज' पढियो, त्यसको ठाडो धर्कोको

webtopdfconverter.com

दायाँपट्टि होइन कि बायाँपट्टि अक्षरांश भएकोले त्यस संदिग्ध अक्षरलाई ‘ज’ मात्र सकिँदैन । त्यस शिलालेखमा जग्गाबाट हुने आयस्ताको विषयमा लेख्दा स्थाननाम संस्कृतभन्दा भिन्न भाषाका छन् । तर एउटै स्थाननाम मूलपाठमा र उल्थामा धेरै ठाउँमा फरक फरक वर्णविन्यासमा आएका छन् । ‘यण्टञ्जुडी’, ‘झखुदि’, ‘प्रौदि’, ‘जीवलङम्’ पढिएकोमा उल्थामा क्रमशः ‘यण्टञ्जडी’, ‘झखुदी’, ‘प्रोदि’, ‘जीवङ्लम्’ भएको यसका केही उदाहरण हुन् ।

शिवलिङ्गको पादपीठमा कुँदिएको यस लेखमा देवताको नाउँको अन्त्यमा ‘स्वामी’ शब्द जोडिएकोले उल्था गर्दा ‘जयाधर स्वामी (भगवान विष्णु)’ (५६ पृ.) भनी गरिएको र नाउँको अन्त्यमा ‘स्वामी’ भएका ती देवता विष्णु हुन् भनी गरिएको तर्क (५८ पृ.) पनि चित्त बुझ्दो छैन । ‘स्वामी’ शब्दले ‘हरि’ अर्थात् ‘विष्णु’ मात्र नबुझाई ‘हर’ अर्थात् ‘शिव’ पनि नबुझाउने होइन (उदाहरणको लागि, राधाकान्तदेव, ‘शब्दकल्पद्रुम’ ५ भाग, ३ संस्करण, चौखम्बा संस्कृत सीरीज आफिस, वाराणसी, २०२४ मा ‘स्वामी’मा हेर्नू) । शिवलाई पनि ‘स्वामी’ भन्ने गरिएको कुराको टड्कारो उदाहरणको रूपमा अहिले अनन्तलिङ्गेश्वरको रूपमा प्रसिद्ध शैव देवताको पूजाआजाको व्यवस्था गर्न लिच्छवि राजा नरेन्द्रदेव (निश्चित राज्यकाल वि.सं. ७००–७३७)ले जुरोवाल साँढे कुँदिएको आ॰नो शिलालेखमा ती देवतालाई ‘लोकपालस्वामी’ भनी बुझाएको संझनुपर्छ ।
राजा द्वितीय शिवदेव (निश्चित राज्यकाल वि.सं ७५२–७६४)को पालाको (मानदेव)संवत् १३१ तदनुसार वि.सं. ७६४ पौषशुक्लद्वितीयाको यो शिलालेख भएकोले यसको व्याख्या गर्ने प्रसंगमा ‘शिवदेव द्वितीयका पाला प्राप्त अभिलेखहरु’ (५८–५९ पृ.) भनी खुद उनका वा उनको पालाका, संवत् साबूत रहिरहेका ७ वटा शिलालेखको फेहरिस्त कालक्रमअनुसार दिइएको छ । तर त्यहाँ उनको, संवत् ११९ फाल्गुनशुक्लदशमीको शिलालेख (धनवज्र वज्राचार्य, ‘लिच्छविकालका अभिलेख’, नेपाल र एशियाली अध्ययनसंस्थान, काठमाडौँ, २०३०, १३९ संख्या) भने छुटेको छ ।

अब ‘अभिलेख’को ३४ पूर्णाङ्कपट्टि लागूँ । ललितपुर चपटटोलको शिलालेख त्यहाँ छापिएको छ (श्यामसुन्दर राजवंशी, ‘ल.पु चपट गणेश मन्दिरमा फेलापरेको अप्रकाशित लिच्छवि अभिलेख’, ८६–८९ पृ.) । शिलालेख खिइएकोले त्यहाँ छापिएको पाठ ठाउँठाउँमा खण्डित छ । त्यहाँ दिइएको फोटोबाट एक अक्षर पनि पढ्न सकिँदैन, छपाइएको पाठ पनि केही ठाउँमा निकै अविश्वसनीय देखिन्छ । त्यहाँ प्रकाशित गरिएअनुसार ‘र्णवस्तु प्रतिसंस्कार व्यापातु विशेष्योपय’ (८६ पृ.मा मूलको २ पङ्क्ति) र त्यसको उल्थाचाहिँ ‘अनेक सम्पदाहरू जीर्णावस्थामा रहेकोले’ (८७ पृ.) भएकोले न मूलपाठबाट अर्थ स्पष्ट हुन्छ, न त त्यसको उल्थाले अलिकति पनि मूलको भाव व्यक्त गर्छ भनी भन्न सकिन्छ ।राजा अंशुवर्मा (निश्चित शासनकाल वि.सं. ६५२–६७९)को पालाको, (मानदेव)संवत् ४० तदनुसार वि.सं.

webtopdfconverter.com

६७४ आषाढशुक्लपञ्चमीको यो शिलालेख भएकोले यसको व्याख्या गर्ने प्रसंगमा 'हालसम्ममा पाइएका अंशुवर्मा कार्यकाल ताकाका संवत् अंकित अभिलेख मात्रैको सूची' (८८–८९ पृ.) भनी प्रथम शिवदेव (निश्चित राज्यकाल वि.सं. ६४८–६६२)सँग अंशुवर्मा गाँसिएदेखिका, संवत् साबूत भएका २८ वटा शिलालेखको फेहरिस्त कालक्रमअनुसार दिइएको छ । तर त्यहाँ संवत् ५१६ ज्येष्ठशुक्लदशमीको भक्तपुर झौखेलको र संवत् ५१६ ज्येष्ठकृष्णदशमीको ललितपुर हौगलको शिलालेख (प्रकाश खड्का, भरत गिरि र रोशनी श्रेष्ठको सहयोगमा महेशराज पन्त, 'लिच्छवि राजा प्रथम शिवदेवका २ सनद', 'पूर्णिमा' १४२ पूर्णाङ्क, २०७२, ५५–६३ पृ.) छुटेका छन् ।

'प्राचीन नेपाल'मा र 'अभिलेख'मा छापिएका ती ती शिलालेखको उल्थालाई ती ती ठाउँमा 'भावार्थ' भनिएको छ । कुनै कृतिको उल्था गर्दा जुन भाषामा उल्था गरिएको छ, त्यस भाषाको प्रकृतिसँग मेल नखाए पनि मूलको शब्दशब्दको उल्थालाई 'शब्दार्थ' वा 'शब्दानुवाद' र शब्दपीछेको अर्थ नगरी तात्पर्य मात्र बुझाउने गरी गरिएको उल्थालाई 'भावार्थ' वा 'भावानुवाद' भनिन्छ । तर विषयवस्तु नै राम्ररी नबुझी गरिएको उल्थालाई 'भावार्थ' भनेको देख्दा कस्तो कस्तो लाग्छ ।
'प्राचीन नेपाल' र 'अभिलेख'का यी अङ्कमा छापिएका यी शिलालेखको पाठ पढ्ने, उल्था र व्याख्या गर्ने काम पुरातŒवविभागका प्रमुख पुरातŒव–अधिकृत मात्र नभई कहलिएका लिपिविशेषज्ञले गरेका हुन् । विश्वविद्यालयमा इतिहास पढी अभिलेख पढ्ने काम यिनले धेरै वर्ष यतादेखि गर्दै आए पनि उनले पढेका अभिलेखका पाठ र उल्था इत्यादि सर्वत्र माथि चर्चा गरिएका खालकै छन् । यस कारण माथि दिइएका उदाहरण अपवाद होइनन्, नियमै हुन् । उनी जति अभिलेख पढ्न सक्ने मानिस पनि नयाँ पुस्तामा छैनन् । उनले यति ज्ञान पनि आ॰ना बाबु, संशोधन–मण्डलका शंकरमान राजवंशी (वि.सं. १९८१–२०५६)बाट पाएका हुन्, विश्वविद्यालयबाट होइन ।

“ 'प्राचीन नेपाल' र 'अभिलेख'का यी अङ्ढमा छापिएका यी
शिलालेखको पाठ पढ्ने, उल्था र व्याख्या गर्ने काम
पुरातŒवविभागका प्रमुख पुरातŒव–अधिकृत मात्र नभई
कहलिएका लिपिविशेषज्ञले गरेका हुन् ।

webtopdfconverter.com

यो त भयो अभिलेखसंबन्धी पढाइको वर्तमान स्थिति । प्रतिमालक्षणको पढाइको पनि स्थिति राम्रो छैन भन्ने कुरा ६ महीना जतिअगाडि छापिएको मेरो लेख ('काष्ठकलाकृतिको सूचीपत्र यसो हेर्दा', 'राजधानी', २०७३।११।२८।७, ३,९ पृ.)बाट स्पष्ट भएकोले त्यसलाई यहाँ दोह¥याइरहनुको अर्थ छैन । मूलधारको शिक्षाको स्थिति यस्तो नैराश्यमय भए पनि संशोधन–मण्डलले कमसेकम विद्याको एउटा सानो शाखामा गुरुकिल्ली आ॰नै देशमा गाड्न सफल भयो । संशोधन–मण्डलको उदय हुनुभन्दा अगाडि नेपालको इतिहासको खोजीमा गोरा साहेबहरू हावी थिए । अहिले गोरा साहेबहरूले गरिरहेको प्राचीन स्थलको खननकार्यमा हाम्रो पुरातŒवविभागका अधिकारीहरू फट्के किनाराका साक्षी भएकै ढाँचामा संशोधन–मण्डलपछि 'सर्फेस् आर्कीअल्अजि'को अर्थात् 'जमीनमाथिको पुरातŒव'को खोजीमा पनि फेरि गोरा साहेबहरूको नै मातहतमा नेपालको इतिहासको खोजी होला भन्ने नमीठो कल्पना गर्न बाध्य हुनुपरेको छ ।

वि.सं. २००७ पछि पार्टीहरूले जस्तो पर्चाबाजी गर्थे, त्यस्तै खालको लेख ६५ वर्षअघि वि.सं. २००९ असोज ५ गतेको दिन विद्याको विषयमा छापियो । काठमाडौँका मल्ल राजाहरूको वंशक्रममा छोरा बाबु र बाबु छोरा भएर सयौँ वर्षदेखि पैmलिरहेको भ्रम हटाउन त्यस दिन ६ पृष्ठको पुस्तिका निकालिएको थियो । त्यस पुस्तिकाको नाउँ 'इतिहास–संशोधन' राखी त्यसको मुनि 'संख्या १' लेखिएकोले यस्ता संशोधन अरू पनि आउने संकेत त्यसले दियो । त्यो पुस्तिका जसले निकाले, तिनीहरूको नामै नसुनिएको भए पनि तिनीहरू बडादमीहरूका छोरा थिए । खुलाएर भन्दा, त्यो पुस्तिका निकाल्ने ३ जनामध्ये १ जना सरदार राममणि आचार्य दीक्षित (वि.सं. १९३९–२०२८)का कान्छा छोरा केशवमणि आ.दी. (वि.सं. १९९१ ? मा जन्म), अर्काचाहिँ राणाजीहरूका गुरुज्यू छत्रनाथ अधिकारीका माहिला छोरा महेन्द्रनाथ अधिकारी (वि.सं. १९९२–२०७२) र झन् अर्काचाहिँ, उनै छत्रनाथका दाज्यू, गुरुज्यू दिवंगत कोषनाथ अधिकारीका कान्छा छोरा सुरेन्द्रनाथ अधिकारी हुन् । यी तीनै जना नयराज पन्त (वि.सं. १९७०–२०५९)ले खोलेको पाठशालाका विद्यार्थी थिए । गर्ने मान्छेहरू फरक भए पनि, वि.सं. २००९ मा यसरी शुरू भएको त्यो काम अहिलेसम्म पनि चलेर आइरहेको छ । मैले वारंवार लेख्ने गरे जस्तै, नेपालको इतिहासका जे जति तथ्य हामीलाई अहिले थाहा छ, त्यो पत्ता लाउने कामको सयकडा पचहत्तर साँच्चि भन्ने हो भने संशोधन–मण्डलको खोजीबाट भएको हो । संशोधन–मण्डलको आरोह–अवरोहको विषयमा मैले पटक पटक लेखिसकेकोले यसलाई फेरि फेरि लेखिरहनुको कुनै अर्थ छैन ।

'इतिहास–संशोधन' कुनै पर्चाको, कुनै पुस्तिकाको रूपमा वि.सं. २००९ देखि २०२५ भित्र ६८ वटामध्ये वि.सं. २०१३ भित्र निस्केका ३८ वटाबाट तथा वि.सं. २०१६ देखि वि.सं. २०३८ सम्म छापिएका ३० वटा 'सावधान–पत्र'बाट चाहिँ लोकमा निकै सनसनी पैmलियो र तिनबाट प्रचलित शिक्षापद्धतिको अकर्मण्यता पनि झल्कियो । पहिल्यै प्रकाशमा आइसकेका वा हालैको खोजीमा भेट्टाइएका

webtopdfconverter.com

आकरको आधारमा वि.सं. २०१३ सम्मका 'इतिहास–संशोधन'मा खास गरी इतिहासका पुस्तकमा लेखिएका गल्तीको खण्डन गर्ने काम भयो त त्यसपछिका हाम्रा कृतिमा भने नयाँ नयाँ खोजीको उद्घाटन हुँदै गयो । यसले गर्दा अज्ञात तथ्यको खोजी मात्र नभई ज्ञात तथ्यको पनि नयाँ पद्धतिबाट विश्लेषण र व्याख्या गर्नुपर्ने भयो । यसरी हाम्रा पछिल्ला कृति खास गरी विशेषज्ञलाई मात्र काम लाग्ने भएकाले लोकबाट टाढिँदै गए । उता 'बोद्धारो मत्सरग्रस्ताः' अर्थात् 'जात्रे–बुझ्नेहरू डाहले ग्रस्त हुन्छन्' भनी एउटा सुभाषितमा भने जस्तै, हाम्रा कुराको चर्चा
जात्रे–बुझ्नेले नगर्ने तथा हाम्रा कृति प्रमाणाधिक्यले बोझिला र छपाइको लागत बढ्दै जाँदा महँगा हुँदै गएकाले लोकमा फेरि असत्य कुराकै प्रचार हुन थाल्यो ।

यसैले पहिल्यै प्रमाणित कुरामा पनि वारंवार अशुद्धि भइरहेकाले लोकको दृष्टि त्यस्ता गल्तीबाट भ्रान्त नहोओस् भनी वि.सं. २०६८ वैशाखदेखि दिनेशराज पन्तले 'शुक्रवार' साप्ताहिकमा हरेक हप्ता जस्तो त्यस्ता गल्तीको निराकरण गर्दै गए । संशोधन–मण्डलको दर्शन, नेपालको इतिहासका विशिष्ट घटना, नेपालमा विद्याको अवस्था इत्यादि विषयको ज्ञान जनसाधारणसम्म पु¥याउन वि.सं. २०६९ भदौ ७ गतेदेखि पन्ध्र पन्ध्र दिनमा निरवच्छित्र रूपमा मैले 'राजधानी' दैनिकमा लेख्न थालेँ । त्यस्तै खालका लेख 'गोरखापत्र', 'नागरिक' र 'अन्नपूर्ण पोस्ट्'मा पनि आकलझुकल लेख्ने गरिरहेको छु । त्यसले गर्दा वि.सं. २००९ देखि २०१३ भित्र 'इतिहास–संशोधन'ले र पछि 'सावधान–पत्र'ले जनचेतना पैmलाउने जुन काम गरेको थियो, त्यस्तै काम यो लेखमालाले गरिरहेको छ ।
छाप्नको लागि भनी कम्प्युटरमा ५ हजार पृष्ठ चढिसकेका भए पनि तिनलाई संपादित गरी छापाखानामा पठाउन नसकेकोमा दुःख लागेको यतातिर छ त अखबारी लेखद्वारा जनचेतना पैmलाउन सकेकोमा आनन्द लागेको अर्कोतिर छ । यस्तो अवस्थामा अझ केही समय जनचेतनामूलक लेखमै लाग्ने विचार मैले गरेको छु । यसले गर्दा 'पूर्णिमा' छापाखानामा पठाउन ढीलो ढीलो हुँदै गएको छ र पोहर असार महीनामा 'पूर्णिमा'को १४३ अङ्क निक्लेपछि अहिलेसम्म अर्को अङ्क छाप्न सकिएको छैन । संशोधन–मण्डलमा अहिले खास काम के के भइरहेको छ भन्ने कुरा पनि हाम्रो प्रकाशनले ६५ वर्ष पूरा गरेको यस अवसरमा भन्नु राम्रै होला ।

संस्कृतका प्राचीन र दुर्लभ लेखोट पुस्तक नेपालमा पाइने हुनाले यहाँको ग्रन्थसंपत्तिको संस्कृतवाङ्मयमा विशिष्ट स्थान छ । त्यही वाङ्मयको एक हाँगो कोषविद्या पनि हो । कोषविद्याको ग्रन्थसंपादनमा पहिले आपूmले गरेको काम (महेशराज पन्त, 'जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष' १–२ भाग, मोतीलाल बनारसीदास, दिल्ली, ई.सं. २०००)को छाँटमा अरू कोषग्रन्थको संपादन चलिरहेको छ । त्यसबाहेक, शाहकालमा संस्कृतमा रचिएका कृतिको संपादनकार्य पनि चलिरहेको छ र

webtopdfconverter.com

पछिल्लो कामका केही परिणाम राष्ट्रिय अभिलेखालयको मुखपत्र 'अभिलेख'मा ५ वर्ष यतादेखि छापिँदै आएका छन् ।
अर्को काम नयराज पन्तको विषयमा भइरहेको छ । 'वि.सं. २००७–८ मा आपूmले देखेसुनेका र आ°नो मनमा लागेका कुरा' भनी प्रजातन्त्रारम्भको इतिहासको रूपमा उनले लेखेको डायरीको संपादन चलिरहेको छ । संस्कृतमा लेखिएको त्यस डायरीको केही अंशको मूल भाग र त्यसको नेपाली उल्था प्रकाशमा आइसकेको भए पनि पूरै पुस्तक उल्थासहित निकाल्ने योजना छ । नयराज पन्तले लेखेका र अरूले उनलाई लेखेका चिठीपत्र तथा उनको संग्रहका पुस्तकमा मार्जिनल् नोट्स् अर्थात् किताबका किनारामा उनले लेखेका टिप्पणीको संग्रह गर्ने काम भइरहेछ ।

नेपालका अखबारमा आउने, इतिहास लेख्न उपयोग गर्न सकिने खबर र लेखको सूची बनाउने काम हामीकहाँ ३० वर्षभन्दा अगाडिदेखि चल्दैछ । अर्को काम, भाषाहरूको झन् झन् ठूलो म्यूजियम बन्दै गएको 'गोरखापत्र'मा छापिएका थरीथरीका भाषाका लेख नेपालको अत्यास लाग्दो वर्तमान लौकिक र राजनीतिको इतिहासको लागि कच्चा सामग्री हुने हुनाले तिनको सूची बनाउने काम पनि चलिरहेको छ । छिटै प्रकाशित गरिहाल्ने लक्ष्य लिएर अहिले ३ थरी कृतिमा काम भइरहेछ— १) 'पूर्णिमा' १४४ पूर्णाङ्क, २) 'जेथा र भैँचालो', ३) 'यान् इन्भेन्टरि अप्m लिच्छवि एप्इग्र्याप्mज्' ।५७ वर्षअघि नयराज पन्तले लेखेका ४ पद्यबाट संशोधन–मण्डलको तात्कालिक स्थिति बुझिने र अहिले पनि स्थिति उस्तै उस्तै नै भएकोले ती पद्यमध्ये २ पद्य यहाँ सारी यो लेख टुङ्ग्याउनुपरेको छ—
धर्मात्माहरु भन्दछन् किन तिमी बेकाममा लाग्दछौ,
हाम्रो साथ दियौ भने सब कुरा विस्तार भेट्टाउँछौ ।
बाठा नीतिकलाप्रवीण जनका अर्कै कुरा सुन्दछु,
विद्वन्मण्डलको विचारसरणी अर्कै थरी देख्तछु ।।
इत्यादि प्रथितप्रपञ्चसरणीभन्दा निकै पल्तिर,
सानो एक दलानमा अघचमा यी लेखको खातिर ।
राखी थोर मनुष्यलाइ सँगमा गर्दैछु धेरै श्रम,
निन्दा धेर सुनैँ, म मूर्ख गनिएँ, तै काम यो छाड्दिनँ ।।
(भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा संपादित 'गल्लीमा °याँकिएका कसिंगर', जगदम्बा–प्रकाशन, ललितपुर, २०१८ मा नयराज पन्तको 'उपोद्घात' १६५ पृ.)

(Visited 32 times, 1 visits today)

0

webtopdfconverter.com

SHARES

Tags: saujanya

PREVIOUS ARTICLE NEXT ARTICLE

Loading comments...

अन्य समाचार पनि पढ्नुहोस्

ब्रेकअप ब्रेन

ओम बानियाँ स्मृति, १२ कक्षामा पढ्ने मेधावी छात्रा । रूपरंगका दृष्टिमा उनी ठीक ठाक भए पनि पढाइलेखाइमा भने निकै तेज छिन् । उनीस“ग नामअनुसारको स्मरणशक्ति पनि छ । तर, यति मेधावी र होनहार स्मृति केह...

रहस्यमय ताल

केबि मसाल से–फोक्सुन्डोलाई नेपालको सबैभन्दा गहिरो ताल मानिन्छ । यस तालबाट निस्कने पानीको झरनालाई सुलिगाड झरना भनिन्छ । जुन झरनाले से–फोक्सुन्डो तालमा पुग्ने पर्यटकलाई थप रमणीय बनाइदिएको छ । से–फोक्सुन...

प्रमुख

webtopdfconverter.com

दातृ राष्ट्रको ४५ अर्ब एनजीओमार्फत खर्च गरिँदै

काठमाडौं। सरकारको सबैजसो निकायमा दातृ राष्ट्रको अर्बौं लगानीको प

- पारलिंगी महिला भएकै कारण पढ्नब...
- बजेट परेवालाई कनिका हाले जस्तो...
- नगरप्रमुखको कार्यकक्षमा उपप्रम...
- विप्लव नेकपाले भन्यो– सुरक्षा ...

धेरै पढिएका

> वैज्ञानिक भन्छन् : नेपालमा फेरी आठ रेक्टरको भूकम्प... (31,932)

> लोकसेवा तत्काल नखुल्ने, कर्मचारी समायोजनपछि बल्ल विज्ञापन (26,739)

> कर्मचारी समायोजन अध्यादेश विभेदकारी रहेको लोकसेवाको ठहर (22,134)

> १४ हजार पदमा लोकसेवा खुल्दै, खरिदारदेखि सहसचिवसम्म... (18,948)

webtopdfconverter.com

> विवाह लक्षित महाकुम्भ जुत्तामेला सुरु (17,868)

भर्खरै

- दातृ राष्ट्रको ४५ अर्ब एनजीओमार्फत खर्च गरिँदै
- पारलिंगी महिला भएकै कारण पढ्नबाट रोक
- प्रदेश ३ समूह विजेता बन्दै सेमिफाइनलमा
- महिलालाई सार्वजनिक यातायातमा निःशुल्क सेवा दिने घोषणा
- बजेट परेवालाई कनिका हाले जस्तो : विजुक्छे

Search...

सामाजिक सञ्जाल

Follow Us in Social media sites

ई-पेपर

राजधानी

दातृ राष्ट्रको ४५ अर्ब एनजीओमार्फत खर्च

आफन्तबाटै महिला असुरक्षित

पारलिंगी महिला पढ्नबाट वञ्चित

नारायणी स्टिल्स

Tags

2016 2073 accident America Apf arrest artha bajura bhaktapur bhojpur bichar budget china congress dailekha DEUBA dolpa DR KC Editorial election hatya India kala korea maobadi mustang Ncell Nepal NIRBACHAN north korea Oli pakistan pokhara Prachanda rajapa Rape SAMAJ saujanya Share sports sports news Trump views YAMALE दुर्घटना

२०७६ आज जेठ

२०७६ जेठ May/Jun 2019

आ	सो	म	बु	बि	शु	श
२९ 12	३० 13	३१ 14	१ 15	२ 16	३ 17	४ 18
५ 19	६ 20	७ 21	८ 22	९ 23	१० 24	११ 25
१२ 26	१३ 27	१४ 28	१५ 29	१६ 30	१७ 31	१८ 1
१९ 2	२० 3	२१ 4	२२ 5	२३ 6	२४ 7	२५ 8
२६ 9	२७ 10	२८ 11	२९ 12	३० 13	३१ 14	३२ 15
१ 16	२ 17	३ 18	४ 19	५ 20	६ 21	७ 22

Hamro Patro

राजधानी न्यूज पब्लिकेशन प्रा. लि.
कुपण्डोल, ललितपुर; पो.ब.न. : २०५०३ काठमाडौं – नेपाल;
फोन: +९७७–१–५५४६३००, ५५४१०३०, ५५४१०४०;
फ्याक्स: ५०११५९४;
ईमेल: rajdhaninews@gmail.com, rjfastonline@gmail.com

सूचना बिभाग दर्ता नं: ११३२/०७५-७६

अध्यक्ष तथा प्रबन्ध निर्देशकः
महेन्द्र शेरचन
सम्पादकः
ध्रुव लम्साल

रोचक



आश्चर्यजनक ‘प्रशान्त अग्निको घेरा’

- ग्रेटवाल, रञ्जना लिपि र आश्चर्...
- यसरी रहस्यमय मृत्यु भयो नेपालक...
- ‘राक्षसी’ बर्मुडा त्रिकोणको रह...
- यसकारण आश्चर्यजनक छ गीजाको पिर...

धेरै पढिएका

> वैज्ञानिक भन्छन् : नेपालमा फेरी आठ रेक्टरको भूकम्प...

> लोकसेवा तत्काल नखुल्ने, कर्मचारी समायोजनपछि बल्ल विज्ञापन

webtopdfconverter.com

- > कर्मचारी समायोजन अध्यादेश विभेदकारी रहेको लोकसेवाको ठहर
- > १४ हजार पदमा लोकसेवा खुल्दै, खरिदारदेखि सहसचिवसम्म...
- > विवाह लक्षित महाकुम्भ जुत्तामेला सुरु
- > समायोजन सफ्टवेयरले गर्छ, कसैको सोर्सफोर्स चल्दैन
- > १७ सहसचिवसहित १८९ कर्मचारीको सरुवा स्थानीय तहमा मात्रै १११

कला

webtopdfconverter.com

© २०१८ राजधानी न्युज पब्लिकेशन प्रा.लि सर्वाधिकार सुरक्षित Copyright © 2018 Rajdhani News Publication Pvt. Ltd. All rights reserved.

webtopdfconverter.com